**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 5, Volume 5, Issue 1, April 2023
Published by Sotang Public Campus

# दार्चुलेली र बैतडेली भाषाको तुलनात्मक अध्ययन

**गोकर्ण जोशी**

*Article History : Submitted 16 Jan. 2023; Reviewed 13 Feb. 2023; Accepted 25 March 2023*
*Author : Gokarna Joshi Email: gokarnaj8676@gmail.com*
*DOI : https://doi.org/10.3126/sotang.v5i1.65058:*

**लेखसार**

*भाषा मानवीय विचार विनिमयको सबैभन्दा प्रभावकारी र वैज्ञानिक माध्यम हो । नेपालमा हाल १२४ मातृभाषा बोलिन्छन् । यी भाषाहरूमध्ये सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाको अधिकांश ठाउँहरूमा दार्चुलेली भाषा प्रयोग व्यवहारमा रहेको छ भने बैतडेली जिल्लाको अधिकांश भागमा बैतडेली भाषा प्रयोग व्यवहारमा रहेको छ । प्रस्तुत लेखको उद्देश्य दार्चुलेली र बैतडेली भाषामा रहेको समानता र असमानता पत्ता लगाउनु रहेको छ । उल्लिखित उद्देश्य प्राप्तिका लागि गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । यसका लागि तुलनात्मक भाषाविज्ञानको समकालीन पद्धतिअनुरूप आधारभूत शब्दसूचीका आधारमा दार्चुलेली भाषा र बैतडेली भाषाको तुलनात्मक अध्ययन गरिएको छ । प्रस्तुत लेखका लागि प्राथमिक सामग्री सङ्कलन गर्न दार्चुलेली मातृभाषी वक्ताहरूसित अन्तर्वार्ता लिइएको छ भने द्वितीयक सामग्रीका सङ्कलनका लागि भाषा, भाषाविज्ञानका सैद्धान्तिक पुस्तकहरू, बैतडेली भाषाको व्याकरणात्मक अध्ययन गरिएको शोधप्रबन्धको उपयोग गरिएको छ । यसरी दार्चुलेली र बैतडेली भाषाको तुलनात्मक अध्ययन गर्दा २१० आधारभूत शब्दसूची प्रयोग गरिएको छ । ती शब्दसूचीमध्ये ७९.०४ प्रतिशत शब्द समान र २०.९५ प्रतिशत शब्द असमान भेटिए । प्रस्तुत तथ्यले दार्चुलेली र बैतडेली भाषाका आधारभूत शब्दसूचीमा भिन्नता भएपनि निकट सम्बन्ध रहेको देखिन्छ । यो लेख तुलनात्मक भाषाविज्ञानमा रुचि राख्ने तथा दार्चुलेली र बैतडेली भाषाका अध्येताहरूका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दहरू :** मातृभाषा, सापेक्षता, भौगोलिक अवस्था, तुलनात्मक अध्ययन ।

## परिचय

नेपाल विविधतामा एकता भएको राष्ट्र हो । यहाँ भाषा जाति, धर्म, संस्कृति, रीतिरिवाज, भौगोलिक अवस्थितिमा विविधता रहेको पाइन्छ । यिनै विविधतामध्ये भाषिक विविधता पनि हाम्रो चिनारी

हो । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा हाल १२४ मातृभाषी वक्ताहरूको बसोबास रहेको छ । सुदूरपश्चिम प्रदेशमा बोलिने प्रमुख १० भाषामध्ये बैतडेली भाषा चौथो नम्बरमा पर्दछ । बैतडेली भाषीको जनसङ्ख्या सुदूरपश्चिममा मात्रै जम्मा १,५१,५७१ रहेको छ भने दार्चुलेली भाषा सुदूरपश्चिम प्रदेशमा नवौं स्थानमा पर्दछ । सुदूरपश्चिम प्रदेशमा दार्चुलेली भाषीको जनसङ्ख्या ४५,५६२ रहेको छ । दार्चुलेली भाषा दार्चुला जिल्लाका खस आर्यहरुले बोल्ने भाषा हो (जोशी, सन् २०२१, पृ. ३१४) ।

प्रस्तुत अध्ययन भाषिक शोधखोजमा एक खुड्किलो उक्लिएको बैतडेली भाषाको सापेक्षतामा दार्चुलेली भाषाको तुलनत्मक अध्ययन गर्नु रहेको छ । भौगोलिक दुरी, समयको दुरी, राजनैतिक तथा सांस्कृतिक दुरीका कारण भाषिका हुँदै नयाँ नयाँ भाषाको जन्म हुने गर्दछ । भाषाका भौतिक र मानसिक पक्ष हुन्छन् । यसरी भाषा एकातिर स्पष्ट उच्चरित ध्वनि र अर्कातिर विचार र मनोभावनामा आधारित हुन्छ (गुणे, सन् २०१८, पृ. ३) । गुणेको भनाइलाई आधार मान्दा भाषाको जन्म एकातिर ध्वनि र वर्णका आधारमा हुन्छ भने अर्कातिर मानवीय सम्बन्धका आधारमा हुन्छ । यिनै आधारमा भाषिक भेदको जन्म पनि हुने गर्दछ । भाषाका विभिन्न भेदहरूमध्ये प्रयोग प्रचलनमा स्वीकार्य भेदले मानक स्वरूप प्राप्त गर्दछ । “भाषाको मानकीकरण एक प्रक्रिया हो, जसले भाषा रूपको स्तर विभिन्नतामा एकता ल्याउने प्रयास गर्दछ (श्रीवास्तव, सन् २०१०, पृ. २३) । समयक्रमअनुसार एउटा भाषामा विभिन्न भाषिक भेद देखापर्न सक्छन्, त्यसरी देखिएका भेदहरूमध्ये सबैभन्दा बढी प्रयोग प्रचलनमा रहेको भाषिक भेद नै भाषाका रूपमा विकसित हुने गर्दछ । कुनै पनि भाषाको प्रयोग समाजमा बोलेर नै गरिन्छ र बोल्दाबोल्दै कालान्तरमा भाषाको रूपमा नै परिवर्तन आउँछ । यस्तो परिवर्तन भाषाभाषीको सम्पूर्ण समाजमा हुन्छ तापनि त्यस भाषाका विभिन्न भाषिका क्षेत्रमा त्यो परिवर्तन भिन्न गतिमा पनि हुन्छ (बन्धु, २०७७, पृ. १७५) । यस्तो परिवर्तनको स्थिति बैतडेली र दार्चुलेली भाषामा समेत देखापरेको छ । पोखरेल (२०३१) ले नेपाली भाषाका भाषिकाअन्तर्गत पूर्वेली वर्ग, माझाली वर्ग, ओरपच्छिमा वर्ग, मझपच्छिमा वर्ग र परपच्छिमा वर्ग गरी पाँच भागमा विभाजन गरेका थिए । जसअन्तर्गत हाल दार्चुलेली र बैतडेली भाषा बोल्ने भूभागलाई परपच्छिमाअन्तर्गत राखेको पाइन्छ । यद्यपि २०६८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कबाट नै दार्चुलेली र बैतडेली भाषाले छुट्टाछुट्टै भाषाको मान्यता प्राप्त गरिसकेको स्थिति छ । हाल यी भाषाहरूमा लघुदेखि लिएर बृहत् भाषावैज्ञानिक अध्ययनको कार्य चलिरहेको छ । भाषाको प्रयोग अवस्थाका आधारमा दार्चुलेली भाषाको स्थिति कस्तो छ ? आधारभूत शब्दसूचीका आधारमा दार्चुलेली र बैतडेली भाषामा के कस्ता समानता र असमानता छन् ? दुई भाषाहरू बिचको सामाजिक सांस्कृतिक सम्बन्ध कस्तो छ ? भन्ने समस्याहरूमा केन्द्रित रहेर दुई भाषाको समीक्षात्मक विश्लेषण गरी दार्चुलेली र बैतडेली भाषामा रहेको समानता र भिन्नता पत्ता लगाउनु यस अध्ययनको मुलभूत उद्देश्य हो ।


## अध्ययन विधि

प्रस्तुत लेख तयार पार्ने क्रममा द्वितीयक सामग्री सङ्कलन गरी बैतडेली भाषाका आधारभूत शब्दसूची तयार पारिएको छ भने दार्चुलेली मातृभाषी वक्ताहरूलाई सूचक बनाई प्राथमिक सामग्री सङ्कलन

गरिएको छ । यसरी द्वितीयक सामग्रीका आधारमा तयार पारिएका नेपाली र बैतडेली भाषाका आधारभूत शब्दसूचीलाई दार्चुलेली मातृभाषी वक्तामार्फत प्रयोग गर्न लगाइएको छ । त्यसपछि दार्चुलेली र बैतडेली भाषाका शब्दसूचीलाई द्विभाषिक वक्तामार्फत सत्यापन र शुद्धता कायम गरी समानता र असमानताको चर्चा गरिएको छ । यस क्रममा तालिका बनाई वायाँतिर मानक नेपाली बिचमा बैतडेली र दायाँतिर दार्चुलेली भाषाका शब्दहरू राखी तुलनात्मक रूपमा समानता र असमानता देखाइएको छ ।

## सैद्धान्तिक आधार र अवधारणात्मक ढाँचा

यो अध्ययन मानक नेपाली भाषाका सापेक्षतामा दार्चुलेली र बैतडेली भाषाका आधारभूत शब्दसूचीको तुलनात्मक अध्ययनमा केन्द्रित छ । तुलनात्मक रुपमा भाषाहरूको अध्ययन कार्यको प्रारम्भ विदेशी विद्वान्हरूबाट भएको पाइन्छ । "फ्रान्ज बोपको न् १८१६  मा प्रकाशित आफ्नो एउटा कृतिमा संस्कृत, ग्रिक, ल्याटिन जर्मन र फ्रान्सेली भाषाका क्रियाहरूको तुलना गरे । त्यसैले उनलाई तुलनात्मक भाषाविज्ञानका पिता मानिन्छ" (बन्धु, २०७०, पृ. ३१) । उनको यस प्रकारको अध्ययनपश्चात् तुलनात्मक अध्ययनले महत्व पाउँदै गयो । यसै सिलसिलामा "बिडेस र डेलब्रुकले Syntaktische forshungen (सन् १८७१-८८) मा तुलनात्मक भाषाविज्ञानको अध्ययन गर्न  थाले (गुणे, सन् २०१८, पृ. ६४) । विद्वान्द्वयको यस कार्यबाट तुलनात्मक भाषाविज्ञानको अध्ययन प्रारम्भ भएको देखिन्छ । तुलनात्मक भाषाविज्ञानले एकै समयमा दुई वा दुईभन्दा बढी भाषाको तुलना तथा एउटै भाषाको पनि विभिन्न समयका भाषाको तुलनात्मक अध्ययन गर्ने कार्यको थालनी गऱ्यो (गौतम र चौलागाई, २०७०, पृ. ३१४) । यहाँ फरक दुई बैतडेली र दार्चुलेली भाषाको तुलनात्मक अध्ययन गरिएको छ ।



## व्याख्या विश्लेषण

यस अध्ययनका लागि बैतडेली भाषाका शब्दहरू द्वितीयक सामग्रीमार्फत सङ्कलन गरिएको छ भने दार्चुलेली भाषाका शब्दहरू मातृभाषी वक्तामार्फत सङ्कलन गरिएको छ । यहाँ आधारभूत शब्दसूचीको तुलनात्मक अध्ययनका लागि त्रिभुवन विश्वविद्यालय भाषा विज्ञान केन्द्रीय विभाग स्वाडेस (सन् १९५५) का सय शब्दसमेत समावेश गरी (बम, २०८०) ले बैतडेली भाषाको व्याकरणात्मक अध्ययनका क्रममा तयार पारेका २१० शब्दहरूलाई उपयोग गरिएको छ ।

| क्र.सं. | अङ्ग्रेजी | नेपाली | बैतडेली | दार्चुलेली |
|---|---|---|---|---|
| १. | body | शरीर | ह:ड | ह:ड |
| २. | head | टाउको | मुण्डो | मुण्डो |
| ३. | hair | कपाल | रौं (च्वाँ) | जाबर |
| ४. | face | अनुहार | अनार | आनार |
| ५. | eye | आँखा | आँखा | आँखा |
| ६. | ear | कान | कान | कान |
| ७. | nose | नाक | नाक | नाक |
| ८. | mouth | मुख | खाप | खाप |
| ९. | teeth | दाँत | दाँत | दाँत |
| १०. | tongue | जिब्रो | जिबडो | जिबडो |
| ११. | breast | स्तन | चुचि | चुचा, दुद |
| १२. | belly | पेट | ढाड | ढाड |
| १३. | arm/hand | हात | हात | हात |
| १४. | elbow | कुइनो | कुम | कुनो |
| १५. | plam | हत्केलो | हत्तलो | हत्कलो |
| १६. | finger | औंलो | अङ्लो | अँलो |
| १७. | finger nail | नङ | नङ्ङ (नङ) | नङ्ङु |
| १८. | leg | खुट्टो | गोडो | गोडो |
| १९. | skin | छाला | छाला | छाला |
| २०. | bone | हाड | हाड | हाड |

| | | | | |
|---|---|---|---|---|
| २१. | heart | मुटु | मुट | मुटु |
| २२. | blood | रगत | रकत | खुन |
| २३. | urine | पिसाब | मुत (पिसाब) | मुत (पिसाप) |
| २४. | faces | दिसा | गु | गु (दिसा) |
| २५. | village | गाउँ | गउँ | गउँ |
| २६. | house | घर | घर | घर |
| २७. | roof | छानो | पाखो | पाखो |
| २८. | door | ढोका | दार | दार |
| २९. | firewood | दाउरा | दर्वा, दरुवा | दरुवाँ |
| ३०. | broom | कुचो | कुच्चो | कुच्चो |
| ३१. | mortar | सिलौटो | सिलो | सिलो |
| ३२. | pestle | लोहोरो | लोड□ो | लोड□ो |
| ३३. | hammer | हथौडो | हतडो | हतड□ो |
| ३४. | knife | चक्कु | चक्कु | चक्खु |
| ३५. | axe | बन्चरो | बन्चरो | तिखुन |
| ३६. | rope | डोरी | ज्यौडो | ज्यौडो |
| ३७. | thread | धागो | धागो | धागो |
| ३८. | needle | सियो | सुयो | सुयो |
| ३९. | cloth | लुगा (कपडा) | लत्ता | कापडा |
| ४०. | ring | औँठी | अङौठि | अङौठि |
| ४१. | sun | घाम | घाम | घाम |
| ४२. | moon | चन्द्रमा | चन्नरमा | चन्नरमा (जुन) |
| ४३. | sky | आकाश | सर्क | सर्क |
| ४४. | star | तारो | तारो | तारो |
| ४५. | rain | वर्षा | बर्खा | बर्खा |

| | | | | |
|---|---|---|---|---|
| ४६. | water | पानी | पानि | पानि |
| ४७. | river | नदी | गा:ड (नदि) | गा:ड |
| ४८. | cloud | बादल | बादल | बादल |
| ४९. | lightening | विजुली चम्कनु | बिजुलि छम्कनु | बिजुलि चम्किनु |
| ५०. | rainbow | इन्द्रेणी | इन्नराइन | इन्नराइन |
| ५१. | wind | बतास | बतास | बातास, ढाणो |
| ५२. | stone | ढुङ्गो | ढुङो | ढुङो |
| ५३. | path | बाटो | बाटो | बाटो |
| ५४. | sand | बालुवा | बल्वा | बल्वा |
| ५५. | fire | आगो | आगो | आगो |
| ५६. | smoke | धुँवा | धुकाँ | धुकाँ |
| ५७. | ash | खरानी | साजि | साजि |
| ५८. | mud | माटो | माटो | माटो |
| ५९. | dust | धुलो | धुलो | धुलो |
| ६०. | gold | सुन | सुन | सुन |
| ६१. | tree | रुख | रुख | रुख |
| ६२. | leaf | पात | पात | पात |
| ६३. | root | जरो | जडो | जडो |
| ६४. | thorn | काँडो | काणो | काणो |
| ६५. | flower | फूल | फुल | फुल |
| ६६. | fruit | फलफूल | फलफुल | फलफुल |
| ६७. | mango | आँप | आम | आम |
| ६८. | banana | केरा | केला | केला |
| ६९. | wheat (husked) | गहुँ | गाँ | गाँ |
| ७०. | barley | जौ | जाँ | जाँ |

| | | | | |
|---|---|---|---|---|
| ७१. | rice (husked) | चामल | चाङल | चाङल |
| ७२. | potato | आलु | आल | आल |
| ७३. | eggplant | भन्टा | बैगन | बैगुन |
| ७४. | groundnut | बदाम | मुमफलि | मुमफलि |
| ७५. | chili | खुर्सानी | खुर्सानि | खुर्सानि |
| ७६. | turmeric | बेसार | हल्दो | हल्दो |
| ७७. | garlic | लसुन | लसुन | लिसिनि |
| ७८. | onion | प्याज | प्याज | प्याज |
| ७९. | cauliflower | काउली | फुलकोबि | फुलकोपि |
| ८०. | tomato | गोलभेंडा | टाम्टर | टमट्टर |
| ८१. | cabbage | बन्दा | बन्दागोबि | बन्दाकोपि |
| ८२. | oil | तेल | तेल | तेल |
| ८३. | salt | नुन | नुन | नुन |
| ८४. | meat | मासु | सिकार (मास) | सिकार |
| ८५. | fat (of meat) | बोसो | बोसो | बोसो |
| ८६. | fish | माछा | माछा | माछा |
| ८७. | chicken | चल्ला | छौना | छौना |
| ८८. | egg | अण्डा | अण्डा (आणा) | आणा |
| ८९. | cow | गाई | गोर | गोरु |
| ९०. | buffalo | भैंसी | भइसो | भुइसो |
| ९१. | milk | दुध | दुद | दुद |
| ९२. | horns | सिङ | सिङ्ङ | सिङ्ङु |
| ९३. | tail | पुच्छर | पुछड≥ | पुछड□ |
| ९४. | goat | बाख्रो | बाकरो | बाकरो |
| ९५. | dog | कुकुर | कुकुर | कुकुर |

| | | | | |
|---|---|---|---|---|
| ९६. | snake | सर्प | स्याप | स्याप |
| ९७. | monkey | बादर | बानर | बानर |
| ९८. | mosquito | लामखुट्टे | मच्छर | मच्छर |
| ९९. | ant | कमिलो | किर्मुलो | किर्मलो |
| १००. | spider | माकुरा | बडुवा | बडुवा |
| १०१. | name | नाम | नउ | नउ |
| १०२. | man | मान्छे | मान्स | मान्सु |
| १०३. | woman | आइमाइ | स्वानि | पुतारी |
| १०४. | child | बच्चो | गेदो | गेदो |
| १०५. | father | बाबा | बाबा (बुवा) | बाबा/बा |
| १०६. | mother | आमा | इजा | इजा |
| १०७. | older brother | दाजु (दाइ) | दाज्यु (दाइ) | दाज्यु, दादा |
| १०८. | younger brother | भाइ | भाइ (भौवा) | भाइ, भाप्पा |
| १०९. | older sister | दिदी | दिदि | दिदि |
| ११०. | younger sister | बहिनी | बैनि | बैनि/बुना |
| १११. | son | छोरो | चेलो | चेलो |
| ११२. | daughter | छोरी | चेलि | चेली |
| ११३. | husband | लोग्ने/श्रीमान् | बैक, पइ बैकान | बौस्या |
| ११४. | wife | स्वास्नी | स्वानि | पुतारी |
| ११५. | boy | केटो | मुले | चेलबेटो |
| ११६. | girl | केटी | मुलाइ | चेलबेटी |
| ११७. | day | दिन | दिन | दिन |
| ११८. | night | रात | रात | रात |
| ११९. | morning | बिहान | परभात | पारभात |
| १२०. | noon | मध्यान्ह | छाकलो | छाकलो |

| | | | | |
|---|---|---|---|---|
| १२१. | evening | साँझ | बासा | बासा |
| १२२. | yesterday | हिजो | बेलि | बेलि |
| १२३. | today | आज | आज | आज |
| १२४. | tomorrow | भोलि | भोल | भोल |
| १२५. | week | हप्ता (साता) | हप्ता | हाप्ता |
| १२६. | month | महिना | मइना | मइना |
| १२७. | year | वर्ष | बर्स | बर्स |
| १२८. | old | पुरानो | पुरानो | पुरानो |
| १२९. | new | नयाँ | नये (नए) | नयाँ |
| १३०. | good | राम्रो (असल) | रामडो निको | निको (रामडो) |
| १३१. | bad | नराम्रो (खराब) | गट्टो | गट्टो |
| १३२. | wet | भिजेको | रुज्या, तिनो | रुज्या |
| १३३. | dry | सुख्खा | सुक्का, अखऱ्या | सुक्का, अखऱ्या |
| १३४. | long | लामो | लामो | लामो |
| १३५. | short | छोटो | छोटो | छोटो |
| १३६. | hot | तातो | तातो | तातो |
| १३७. | cold | चिसो | ठण्णो | ठण्णो |
| १३८. | right | दाहिने | दाइन | दाइन |
| १३९. | left | देब्रे | बउँ | बउँ |
| १४०. | near | नजिक | नज्क | नैच्क |
| १४१. | far | टाढा | टाडा | टाडा |
| १४२. | big | ठुलो | ठुलो | ठुलो |
| १४३. | small | सानो | नानो (नान्को) | नानो (नान्को) |
| १४४. | heavy | गह्रौं | गरुङो | गरुवा |
| १४५. | light | हलुका | हल्को | हल्को |

| | | | | |
|---|---|---|---|---|
| १४६. | above | माथि | मथि | मथि |
| १४७. | below | तल | तल | तल |
| १४८. | white | सेतो | धौलो | धौलो |
| १४९. | black | कालो | कालो | कालो |
| १५०. | red | रातो | रातो | रातो |
| १५१. | one | एक | एक | एक |
| १५२. | two | दुई | दुई | दुई |
| १५३. | three | तिन | तिन | तिन |
| १५४. | four | चार | चार | चार |
| १५५. | five | पाँच | पाँच | पाँच |
| १५६. | six | छ | छइ | छइ |
| १५७. | seven | सात | सात | सात |
| १५८. | eight | आठ | आठ | आठ |
| १५९. | nine | नौ | नौ | नो |
| १६०. | ten | दश | दस | दस |
| १६१. | eleven | एघार | एगार | एगार |
| १६२. | twelve | बाह्र | बार | बार |
| १६३. | twenty | बिस | बिस | बिस |
| १६४. | one hundred | एक सय | एक सये | एक सौ |
| १६५. | who | को | को | को |
| १६६. | what | के | कि | कि |
| १६७. | where | कहाँ | काँ | काँ |
| १६८. | when | कहिले | कइल | कब |
| १६९. | how many | कति | कति | कति |
| १७०. | which | कुन | को | को |

| | | | | |
|---|---|---|---|---|
| १७१. | this | यो | यो | यो |
| १७२. | that | त्यो | तो | तो |
| १७३. | these | यिनीहरू | इनुन | इनुन |
| १७४. | those | उनीहरू | उनुन | उनुन |
| १७५. | same | उही | उइ | उइ |
| १७६. | different | फरक | फरक (अर्खो, जुदोउ) | अर्खो, जुदोउ |
| १७७. | whole | सबै | सब, सप्पै | सब, सप्पै |
| १७८. | broken | फुटेको | फुट्या | फुट्या |
| १७९. | few | थोरै | थोक्काइ | थोक्काइ |
| १८०. | many | धेरै | भिक (भिक्कै) | भिक (भिक्कै) |
| १८१. | all | सबै | सब, सबै, सप्पै | सब, सब्बै, सप्पै |
| १८२. | to eat | खानु | खान | खान |
| १८३. | to bite | टोक्नु | काट्टु, चिल्लु | काट्टु, चिल्लु |
| १८४. | to be hungry | भोकाउनु | भोक लाग्दु | भोक लाग्दु |
| १८५. | to drink | पिउनु | खान | खान, सुड्क्याउनु |
| १८६. | to be thirsty | तिर्खाउनु | तिस लाग्दु | तिस लाग्दु |
| १८७. | to sleep | सुत्नु | सिन | सिन |
| १८८. | to lie | पल्टनु | तेर्छिन, पड्डु | तेर्छिन, पड्डु |
| १८९. | to sit | बस्नु | वस्सु | बस्सु |
| १९०. | to give | दिनु | दिन | दिन |
| १९१. | to burn | डढाउनु | पोल्नु, बाल्नु | पोल्नु, बाल्नु |
| १९२. | to die | मर्नु | मद्यु | मद्यु |
| १९३. | to kill | मार्नु | माद्यु | माद्यु |
| १९४. | to fly | उड्नु | उड्डु | उड्डु |
| १९५. | to walk | हिँड्नु | हिट्टु | हिट्टु |

| | | | | |
|---|---|---|---|---|
| १९६. | to run/run | दौड्नु | दकुड्डु/दौड्डु | दकुड्डु/दौड्डु |
| १९७. | to go/to | जानु | झानु | झानु |
| १९८. | to come | आउनु | औन | औन |
| १९९. | to speak/speak | बोल्नु | बोल्लु | बोल्लु |
| २००. | to hear/listen | सुन्नु | सुण्णु | सुण्णु |
| २०१. | to look/look | हेर्नु | हेद्दु | हेद्दु |
| २०२. | I | म | मुइ | मुइ |
| २०३. | you (informal) | तँ | तिइ | तुइ |
| २०४. | you (formal) | तपाईं | तम | तम |
| २०५. | he | ऊ | उ | उ |
| २०६. | she | उनी | उन | उन |
| २०७. | we (inclusive) | हामी (समावेशी) | हम | हम |
| २०८. | we (exclusive) | हामी (असमावेशी) | हम | हम |
| २०९. | you (plural) | तिमीहरू | तमुन | तमुन |
| २१०. | they | उनीहरू | उनुन | उनुन |

**दार्चुलेली र बैतडेली भाषामा समानता :**

बम (२०८०) ले बैतडेली भाषाको अध्ययनका क्रममा तयार गरेका आधारभूत बैतडेली शब्दसूचीको तुलना गर्दा जम्मा २१० शब्दमध्ये १६६ शब्द अर्थात् ७९.०४ प्रतिशत शब्द बैतडेली भाषासित समान रहेका पाइए । यसरी हेर्दा बैतडेली र दार्चुलेली भाषा भौगोलिक, सामाजिक र सांस्कृतिक हिसाबले निकट सम्बन्ध रहेको पाइन्छ ।

**दार्चुलेली र बैतडेली भाषामा असमानता :**

कुल २१० आधारभूत शब्दसूचीमा गरिएको सर्वेक्षणलाई हेर्दा जम्मा २१० शब्दमध्ये ४४ शब्द अर्थात् २०.९५ प्रतिशत शब्द मात्रै बैतडेली भाषाभन्दा भिन्न रहेको पाइयो । कपाल शब्दलाई बैतडेलीमा रौँ (च्वाँ) र दार्चुलेलीमा जावर भनेको पाइयो । त्यसैगरी अनुहार शब्दलाई बैतडेलीमा अनार र दार्चुलेलीमा आनार भनेको पाइयो । त्यसैगरी स्तनलाई बैतडेलीमा चुचि र दार्चुलेलीमा चुचा/दुद भनेको पाइयो । कुइनो

शब्दलाई बैतडेलीमा कुम र दार्चुलेलीमा कुनो भनिन्छ । त्यसैगरी हत्केलो, औलो, नङ र मुटुलाई बैतडेलीमा क्रमशः हत्तलो,अङ्लो, नङ्ङु, मुट भनिन्छ । दार्चुलेली भाषामा यिनीहरुलाई हत्कलो, अँलो, नङ्ङु र मुटु भनिन्छ । त्यसैगरी पिसाब, दाउरा, चक्कु र बन्चरोलाई बैतडेली भाषामा क्रमशः मुत, दर्वा, चक्कु र बन्चरो भनिन्छ । यिनै शब्दहरूलाई दार्चुलेलीमा क्रमशः मुत, दरुवा, चक्खु र तिखुन भनेको पाइन्छ । यसैगरी लुगा, विजुली चम्किनु, बतासलाई बैतडेलीमा लत्ता (कपडा), बिजुली छम्कनु, बतास भनिन्छ भने दार्चुलेलीमा क्रमशः कापाडा, बिजुली चम्किनु, ढाणो भनिन्छ ।

बैतडेली भाषामा चामललाई चाङल र दार्चुलेलीलाई चामल भनिन्छ । त्यसैगरी भन्टा, लसुन र काउलीलाई बैतडेलीमा वैगन, लसुन र फुलगोबि तथा दार्चुलेलीमा क्रमशः बैगुन, लिसिनी र फुलकोपि भनिन्छ । त्यसैगरी गोलभेँडा, बन्दालाई बैतडेलीमा टाम्टर, बन्दागोबि भनिन्छ भने दार्चुलेलीमा क्रमशः टमट्टर र बन्दाकोपि भनिन्छ । त्यसैगरी गाई, भैँसी र सिङलाई बैतडेलीमा क्रमशः गोर, भइसो र सिङ्ङ भनिन्छ । त्यसैगरी मान्छे, आइमाइ र बाबालाई बैतडेलीमा क्रमशः मान्स, स्वानि र बाबा भनिन्छ भने दार्चुलेलीमा क्रमशः मान्सु, पुतारी र बा भनिन्छ ।

लोग्ने (श्रीमान्), स्वास्नी, केटो र केटीलाई बैतडेली भाषामा क्रमशः बैक, स्वानि, मुले र मुलाइ भनिन्छ भने दार्चुलेली भाषामा क्रमशः वौस्या, पुतारी, चेलबेटो, चेलबेटी भनिन्छ । त्यसैगरी एक सयलाई बैतडेली एक सये र दार्चुलेलीमा एक सौ भनिन्छ । त्यसैगरी दौड्नुलाई बैतडेली भाषामा दकुड्डु, दौड्डु भनिन्छ भने दार्चुलेलीमा दगुड्डु भनिन्छ । त्यसैगरी तँ लाई बैतडेलीमा तिइ र दार्चुलेलीमा तुई भनिन्छ ।

## निष्कर्ष

यस लेखमा भौगोलिक र सामाजिक रूपमा निकट सम्बन्ध राख्ने दुईवटा क्षेत्रीय भाषाहरू (दार्चुलेली र बैतडेली) को आधारभूत शब्दसूचीका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । यसरी २१० आधारभूत शब्द सूचीका आधारमा तुलना  गर्दा समान शब्दहरू झण्डै ८० प्रतिशत अर्थात् १६६ वटा र असमान शब्दहरू केवल ४४ वटा अर्थात् लगभग २० प्रतिशत मात्रै पाइए । शब्दसूचीका आधारमा मात्रै हेर्दा यी दुई भाषाबिच त्यति ठूलो अन्तर देखिएन । यद्यपि भाषावैज्ञानिक आधारमा यी भाषाहरुको विभिन्न आयामबाट अध्ययन गर्न यस अध्ययनले टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

**सन्दर्भ सामग्री**

गुणे, पाण्डुरंग दामोदर (सन् २०१८), *तुलनात्मक भाषाविज्ञान,* मोतिलाल बनारसीदास ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* पाठ्य सामग्री पसल ।

जोशी, गोकर्ण (सन् २०२१), *व्याकरणात्मक कोटिका आधारमा दार्चुलेली र नेपाली भाषाको तुलना,* अङ्क ४, पृ. २९९-३१५ ।

पोखरेल, बालकृष्ण (२०३१), *राष्ट्रभाषा,* साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५३), *भाषाविज्ञान,* साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७७), *भाषाविज्ञान,* साझा प्रकाशन ।

बम, सुरेन्द्र कुमार (२०८०), *बैतडेली भाषाको व्याकरणात्मक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, शिक्षाशास्त्र सङ्काय, त्रि.वि., कीर्तिपुर ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् २०१०), *अनुप्रयुक्त भाषाविज्ञान सिद्धान्त एवम् प्रयोग,* बी.के. आँफसेट ।

---

*प्रस्तुत लेख विश्वविद्यालय अनुदान आयोगको विद्यावारिधि फिलोसिप प्रयोजनार्थ तयार पारिएको हुँदा विश्वविद्यालय अनुदान आयोगप्रति कृतज्ञता प्रकट गर्दछु ।*